सुदूरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र

प. सं.:-२०८२/०८३
च. नं.:-

फोननं. :- ०९१-५२३२८९
Email:hkc@gmail.com

## कृषि कार्यक्रम संचालन सम्बन्धी सूचना
**(प्रथम पटक सुचना प्रकाशित मितिः२०८२/०८/१७)**

यस कार्यालयको चालु आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिलमा उल्लेखित कार्यक्रम संचालन गर्नुपर्ने भएकाले सुदुरपश्चिम प्रदेश कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धन नियमावली(पहिलो संशोधन),२०८० बमोजिम सम्बन्धित क्षेत्रका ईच्छुक कृषक,कृषि कार्यमा संलग्न समूह/सहकारी संस्थाका साथै कृषि फर्म/कम्पनी/उद्यमी व्यवसायीहरुले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र आवश्यक कागजात सहित (२०८२/०९/०८ गते भित्र ) यस कार्यालयमा वा बर्दगोरिया गा.पा. वडा नं. ५ को वडा कार्यालयको भवनमा अवस्थित यस कार्यालयको सामुदायिक कृषि प्रसार सेवा केन्द्रमा रु १० को हुलाक टिकट टांस गरि आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागी यो सार्वजनिक सुचना प्रकाशन गरिएको छ ।

घनश्याम चौधरी
(कार्यालय प्रमुख)

घनश्याम चौधरी
कार्यालय प्रमुख

तपसिलः

| क्र. सं. | कार्यक्रमको नाम | इकाइ | लक्ष्य | वजेट रु लाखमा | कार्यक्रम संचालन हुने स्थान | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | चैते धान क्षेत्र विस्तार (धान जोन कार्यक्षेत्र बाहेक) | हेक्टर | ५ | ५ | जिल्लाभरि | व्यक्तिगत कृषक/फर्मको हकमा कम्तिमा १० कठ्ठा र समूह/सहकारीको हकमा कम्तिमा २ बिघा |
| २ | हिउँदे/वसन्ते मकै प्रबर्द्धन कार्यक्रम | पटक | १ | २० | जिल्लाभरि | |
| ३ | उखु उत्पादन तथा प्रवर्द्धन कार्यक्रम | पटक | १ | ५ | जिल्लाभरि | व्यक्तिगत कृषक/फर्मको हकमा कम्तिमा ५ कठ्ठा र समूह/सहकारीको हकमा कम्तिमा १ बिघा |
| ४ | अदुवा/बेसार क्षेत्र विस्तार, मोहन्याल गा.पा. | पटक | १ | २० | मोहन्याल गा.पा. | व्यक्तिगत कृषक/फर्मको हकमा कम्तिमा ३ रोपनी र समूह/सहकारीको हकमा कम्तिमा ३० रोपनी |
| ५ | वेसार क्षेत्र विस्तार, चुरे गा.पा. | पटक | १ | २० | चुरे गा.पा. | |
| ६ | कृषि अध्ययन गरेका वा विदेशबाट फर्किएका कृषि उद्यम गर्ने युवाहरुको उद्यमशिलता विकास सहयोग | संख्या | २७ | २७ | जिल्लाभरि | खुल्ला जमिनमा कम्तीमा ५ कठ्ठा, संरक्षित संरचनाको हकमा कम्तिमा ५ वटा (टहरा,टनेल), मौरी घारको हकमा कम्तीमा १० घार, कृषि विषय अध्ययन गरेकाको हकमा सोको कागजात, विदेशबाट फर्किएको प्रमाण जनाउने कागजात। |
| ७ | फलफुल नर्सरी स्थापना, धनगढी उप.न.पा. | पटक | १ | १० | धनगढी उप.न.पा. | चालु आ.व.मा कम्तीमा १०,००० बेर्ना उत्पादन गर्नुपर्ने |
| ८ | हाइटेक नर्सरी तथा ग्रिन हाउस निर्माण | पटक | १ | २० | जिल्लाभरि | |

सुदूरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र
धनगढी, कैलाली

प. सं.:-२०८२/०८३
च. नं.:-

फोननं. :- ०९१-५२३२८९
Email:bkc@gmail.com

आवेदनसाथ संलग्न राख्नुपर्ने कागजातहरु:

१. सुदुरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन नियमावली २०७९(पहिलो संशोधन २०८०) को अनुसूची -५ बमोजिमको ढाँचामा पूर्ण भरिएको रु.१० को हुलाक टिकट टाँसेको प्रस्ताव फाराम।
२. कृषक समूह /सहकारी तथा फर्म/कम्पनीको हकमा संस्था दर्ता,नविकरण, स्थाई लेखा नम्बर दर्ता नम्बर(पान), करचुक्ता प्रमाणपत्रहरुको प्रतिलिपि।
३. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
४. कृषक समूह /सहकारी तथा फर्म/कम्पनी को निर्णयको प्रतिलिपि।
५. जग्गाको आधिकारिकता खुल्ने प्रमाणपत्र( लालपूर्जा/भूमि आयोगबाट वितरित निस्सा/वडा कार्यालयबाट गरिएको चार किल्ला प्रमाणित) को प्रतिलिपि।
६. अघिल्लो आ.व.मा तिरो तिरेको रसिदको प्रतिलिपि।
७. सुदुरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन नियमावली २०७९(पहिलो संशोधन २०८०) मा उल्लेख भए बमोजिमको आवेदन शुल्क (राजश्व दस्तुर रु.१ लाख देखि ५ लाख सम्मको अनुदानमा रु. ३०० र ५ लाख भन्दा बढिको लागि रु. १०००) बुझाएको नगदी रसिद वा बैंक दाखिला गरेको भौचर पत्र।
८. सम्बन्धित वडा वा सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।
९. अन्य सरोकारवाला सरकारी तथा कृषि आयोजना/परियोजना संग दोहोरो नपर्ने गरी कार्यक्रम संचालन गरिनेछ।
१०. कार्यक्रममा नदोहोरिएका कृषकहरुलाई प्राथमिकता दिईनेछ।

नोट – थप जानकारीको लागी कृषि ज्ञान केन्द्र कैलालीका सूचना अधिकारी श्री दुर्गा प्रशाद ओझा को फोन ९८६४७७११७७ मा कार्यालय समयमा सम्पर्क गर्न सक्नु हुने छ ।

२०८२/८/१६

घनश्याम चौधरी
कार्यालय प्रमुख